# प्राङ्गारिक मलमा अनुदान कार्यक्रम संचालन कार्यविधि, २०७६

नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

सिंहदरवार, काठमाडौं

नेपाल सरकार (माननीय मन्त्रिस्तर) मिति                को निर्णयानुसार स्वीकृत

# प्राङ्गारिक मलमा अनुदान कार्यक्रम संचालन कार्यविधि, २०७६

**प्रस्तावना**

कृषिको व्यावसायिकरणसंगै कृषि उपजको माग समेत वृद्धि भैरहेको छ । बढ्दो मागलाई सम्बोधन गर्न कृषिमा अत्याधिक मात्रामा रासायनिक मल तथा विषादीको प्रयोग भैरहेकोले यसले माटो तथा मानव स्वास्थ्यका साथै वातावरणमा समेत प्रतिकूल प्रभाव परिरहेको छ । यसलाई सम्बोधन गर्न चालु आ.व. २०७५/७६ देखि कृषि विभागले प्राङ्गारिक खेती प्रवर्द्धन मिशन कार्यक्रम संचालनका लागि मिति २०७५।०७।०९ मा नेपाल सरकार (सचिवस्तर) बाट प्राङ्गारिक कृषि प्रवर्द्धन मिशन कार्यक्रम कार्यान्वयन कार्यविधि-२०७५ स्वीकृत भैसकेको अवस्था छ । यसै सन्दर्भमा माटोको दीगो व्यवस्थापनको लागि रासायनिक मलको विकल्पको रुपमा कृषि विभागको आ. व. २०७५/७६ को स्वीकृत प्राङ्गारिक मल (धूलो, भर्मी, दाना) मा अनुदान कार्यक्रम कार्यान्वयनलाई व्यवस्थित गर्न कृषि तथा पशुपन्छी विकास मन्त्रालयले यस **प्राङ्गारिक मलमा अनुदान कार्यक्रम संचालन कार्यविधि, २०७६** तर्जुमा गरी लागू गरेको छ ।

## परिच्छेद -१
## प्रारम्भिक

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u>

(१) यस कार्यविधिको नाम **"प्राङ्गारिक मलमा अनुदान कार्यक्रम सञ्चालन कार्यविधि २०७६ "** रहेको छ ।

(२) यो कार्यविधि कृषि तथा पशुपन्छी विकास मन्त्रालबाट स्वीकृत भएको मिति देखि लागु हुनेछ ।

२. <u>परिभाषा :</u> (१) विषय र प्रसंगले अर्को अर्थ नलागेमा, यो कार्यविधिमा -

(क) **"मल"** भन्नाले प्राङ्गारिक तथा जैविक मल नियमन कार्यविधि, २०६८ (संशोधन सहित) बमोजिम दर्ता भएको प्राङ्गारिक मल सम्झनुपर्छ ।

(ख) **"समिति"** भन्नाले यस कार्यविधिको दफा ४ बमोजिम गठित समितिलाई सम्झनुपर्छ ।

(ग) **"प्राविधिक उप-समिति"** भन्नाले यस कार्यविधिको दफा ६ बमोजिम गठित समितिलाई सम्झनुपर्छ ।

(घ) **"मन्त्रालय"** भन्नाले कृषि तथा पशुपन्छी विकास मन्त्रालय सम्झनुपर्छ ।

(ङ) **"कृषि विभाग"** भन्नाले कृषि तथा पशुपन्छी विकास मन्त्रालय अन्तर्गतको कृषि विभाग सम्झनुपर्छ ।

(च) **"कम्पनी"** भन्नाले कृषि सामग्री कम्पनी लिमिटेडलाई सम्झनुपर्छ ।

(छ) **"कर्पोरेशन"** भन्नाले साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेडलाई सम्झनुपर्छ

(ज) **"कृषि ज्ञान केन्द्र"** भन्नाले प्रदेश स्थित भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय मातहत रहेको कृषि विकास निर्देशनालय अन्तर्गत स्थापना भएको सम्वन्धित जिल्ला कार्यक्षेत्र भएको कृषि ज्ञान केन्द्र सम्झनुपर्छ ।



कृषि तथा पशुपन्छी विकास मन्त्रालय

(झ) **"परियोजना कार्यान्वयन इकाई"** भन्नाले प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना अन्तर्गत रहेको सम्वन्धित जिल्लास्थित कार्यालयलाई सम्झनुपर्छ ।

३. <u>उद्देश्यः</u> यस कार्यविधिका देहाय वमोजिमका उद्देश्यहरु रहने छन् -

(१) प्राङ्गारिक मलको प्रयोग अभिवृद्धि गरी माटोको गुणस्तर सुधार मार्फत दीगो उत्पादन प्रणालीको विकास गर्नु ।

## परिच्छेद -२
## अनुदान वितरण व्यवस्थापन सम्वन्धी

४. <u>अनुदान वितरण व्यवस्थापन समिति</u>

(१) यस कार्यविधि अनुसार प्राङ्गारिक मलमा अनुदान सम्वन्धमा आवश्यक व्यवस्थापनको लागि देहाय बमोजिमको समिति रहनेछ —

| | |
|---|---|
| श्री सचिव, मन्त्रालय | संयोजक |
| श्री सह–सचिब, योजना तथा विकास सहायता समन्वय महाशाखा, मन्त्रालय | सदस्य |
| श्री महा निर्देशक कृषि विभाग | सदस्य |
| श्री प्रमुख, केन्द्रिय कृषि प्रयोगशाला, कृषि विभाग | सदस्य |
| श्री प्रमुख माटो विज्ञ, माटो विज्ञान महाशाखा, नेपाल कृषि अनुसन्धान परिषद् | सदस्य |
| श्री प्रवन्ध सञ्चालक, कृषि सामग्री कम्पनी लिमिटेड | सदस्य |
| श्री सह–सचिब, कृषि विकास महाशाखा, मन्त्रालय | सदस्य सचिव |

(२) उपदफा (१) बमोजिमको समितिको वैठक आवश्यकता अनुसार वस्नेछ ।

(३) समितिको बैठकमा आवश्यकता अनुसारको सम्बन्धित विज्ञलाई आमन्त्रण गर्न सकिनेछ ।

५. <u>समितिको काम, कर्तव्य र अधिकार</u> (१) समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ —

(क) कम्पनीलाइ उपलव्ध गराइने अनुदान रकमको हिसाव फछ्यौंट तथा फरफारक गर्ने गराउने ।

कृषि तथा पशुपन्छी विकास मन्त्री

(ख) अनुदानित मूल्यमा उपलब्ध गराइने प्राङ्गारिक मल खरिद, संचय, तथा विक्रीवितरण गरे बापत सम्वन्धित उद्योगले कम्पनी वा कर्पोरेशन र डिलरलाई उपलब्ध गराउनुपर्ने कार्य सञ्चालन खर्च निर्धारण गर्ने ।

(ग) मापदण्ड बमोजिमको प्राङ्गारिक मल वितरण भए/नभएको एकिन गरी न्यून गुणस्तरको मल उत्पादन र वितरण गर्ने, फर्म/व्यवसायलाई कानुन अनुसार कारवाहीका लागि सम्वन्धित निकायलाई निर्देशन दिने ।

(घ) माग र आवश्यकताको विश्लेषण गरी अनुदानित प्राङ्गारिक मल वितरण गर्ने क्षेत्र निर्धारण गर्ने ।

(ङ) अनुदान वितरण सम्बन्धि आवश्यक काम गर्ने गराउने ।

६. <u>प्राविधिक उप-समितिको गठन</u> (१) दफा ५ बमोजिमको अनुदान वितरण व्यवस्थापन समितिको काम कार्यमा सहयोग प्रदान गर्न समिति अन्तरगत देहायका पदाधिकारी रहेको एक प्राविधिक उप-समिति रहनेछ ।

| | |
|---|---|
| श्री उप महा निर्देशक प्रविधिविस्तार कृषि विभाग | -संयोजक |
| श्री प्रतिनिधि, कृषि सामग्री कम्पनी लिमिटेड | -सदस्य |
| श्री आर्थिक प्रशासन शाखा प्रमुख , कृषि विभाग | -सदस्य |
| श्री वरिष्ठ माटो विज्ञ , केन्द्रिय कृषि प्रयोगशाला, कृषि विभाग | -सदस्य |
| श्री प्रमुख, कृषि सामग्री आपूर्ति व्यवस्थापन शाखा, कृषि तथा पशुपन्छी विकास मन्त्रालय | -सदस्य |
| श्री प्रमुख, माटो व्यवस्थापन शाखा कृषि विभाग | -सदस्य |
| श्री प्रमुख, कृषि उत्पादन सामाग्री व्यवस्थापन शाखा कृषि विभाग | -सदस्य सचिव |

(२) उपदफा (१) बमोजिमको उपसमितिले समितिको नियन्त्रण र निर्देशनमा रही समितिको कार्यसम्पादनमा सहयोग गर्नुपर्नेछ ।

७. <u>प्राविधिक उप-समितिको काम कर्तव्य र अधिकार</u>

(क) कम्पनीलाइ उपलब्ध गराइने अनुदान रकमको हिसाव फर्छ्यौट तथा फरफारक गर्न सहयोग गर्ने ।

(ख) अनुदानित मूल्यमा उपलब्ध गराइने प्राङ्गारिक मल खरिद, संचय, तथा विक्रीवितरण गरे बापत सम्वन्धित उद्योगले कम्पनी वा कर्पोरेशन र डिलरलाई उपलब्ध गराउनुपर्ने कार्यसञ्चालन खर्च स्वीकृतको लागि समितिलाई सिफारिस गर्ने ।

(ग) प्राविधिक उपसमितिको अन्य काम कर्तव्य तथा अधिकार समितिले तोकेबमोजिम हुनेछ ।

कृषि तथा पशुपन्छी विकास मन्त्री

परिच्छेद ३

कार्यक्रम संचालन प्रक्रिया

**८. प्राङ्गारिक मल सूचिकृत हुनुपर्ने**

(१) प्राङ्गारिक मल उत्पादक उद्योगले यस कार्यक्रममा सहभागि हुन सूचिकृत हुनु पर्नेछ ।

(२) सूचिकरणका लागि कृषि विभागले १५ दिन अवधिको सूचना जारी गर्नेछ ।

(३) प्राङ्गारिक मल उत्पादक कम्पनीहरुले आफ्नो मलको ब्राण्ड प्रतिकेजी मूल्य र कम्पनी/ कर्पोरेशनको शाखा कार्यालयगत उपलब्ध गराउन सक्ने परिमाण लगायतका विषय खुलाइ अनुसूचि २ अनुसारको विवरण र आवस्यक कागजात संलग्न राखि अनुसुचि १ अनुसार दिएको को निवेदनका आधारमा कृषि विभाग अन्तर्गतको केन्द्रिय कृषि प्रयोगशालामा सूचिकृत गर्ने ।

(४) मल उत्पादक कम्पनीले पेश गरेको परिमाण र उत्पादन क्षमताको स्थलगत अवलोकन गरी केन्द्रिय कृषि प्रयोगशालाले उत्पादक कम्पनीको अधिकतम् आपूर्ति सिमा तोक्नेछ ।

(५) मलको मापदण्ड प्राङ्गारिक तथा जैविक मल नियमन कार्यविधि २०६८ (संशोधन सहित) बमोजिमको हुनेछ र सो बमोजिम न्यूनतम् मापदण्ड पूरा नगरेको मल सूचिकृत हुने छैन ।

**९. मलको मूल्य निर्धारण**

(१) उत्पादक कम्पनीहरुले आफ्नो मलको मूल्य र मूल्य तोक्ने आधारहरु समेत मल सुचिकृत गर्दाका बखत पेश गर्नु पर्नेछ ।

(२) प्राङ्गारिक मलमा भएको (पोषकतत्वको परिमाण र प्रकारको आधारमा) मलहरुको मूल्य उद्योग अनुसार फरक फरक हुन सक्नेछ । यदि पोषक तत्वपरिमाणको भिन्नता १० प्रतिशत वा सो भन्दा कम भएमा त्यस्ता मललाई एउटै गुणस्तर भएको मानी सो मध्ये कम मूल्यलाई विक्री मूल्य कायम गरिनेछ ।

(३) मल उत्पादक कम्पनीले बिक्री ब्यवस्थापन गरे वापत कम्पनी तथा कर्पोरेशनलाई कुल मूल्यको १० प्रतिशत विक्री कमिसन दिनु पर्नेछ र कम्पनी /कर्पोरेशनले उक्त १० प्रतिशतको ६० प्रतिशत डिलर/ खुद्रा विक्रेतालाई उपलब्ध गराउनु पर्नेछ ।

(४) कम्पनी / कर्पोरेशन र डिलर/खुद्रा विक्रेताले तोकिएको खुद्रा मूल्यमा ढुवानी बाहेक अन्य कुनै थप रकम लिन पाउने छैन र त्यस्तो पाईएमा विक्री इजाजत खारेज गरिनेछ । अन्य कारवाही प्रचलित कानुन अनुसार हुनेछ ।

<u>**१०. अनुदान उपलब्ध गराइने आधार**</u> (१) यस कार्यविधि वमोजिम प्रदान गरिने अनुदानको प्रयोजनको लागि देहाय बमोजिमको मापदण्ड हुनुपर्नेछ -

(क) नेपालमा उत्पादित प्राङ्गारिक मललाई मात्र अनुदान कार्यक्रममा सूचिकृत गरिनेछ ।

कृषि तथा पशुपन्छी विकास मन्त्री

(ख) प्राङ्गारिक तथा जैविक मल नियमन कार्यविधि, २०६८ (संशोधन सहित) बमोजिम दर्ता भई तोकिएको निकायमा सूचिकृत भएको ।

(ग) मलको प्याकेजमा व्यापारिक नाम उल्लेख भएको ।

(घ) मलको उत्पादन र खपत गरिसक्नुपर्ने मिति, ब्याच नं. र तौल प्रष्ट रुपमा देखिने गरी सुरक्षित रुपमा प्याकेजिङ्ग गरेको ।

(ङ) प्राङ्गारिक मल अनुदान निर्देशिका, २०६८ अनुसार न्यूनतम मापदण्ड र गुणस्तर पुरा भएको ।

(च) मलमा पाईने पोषक तत्वको मात्रा प्रत्येक प्याकिङ्गमा उल्लेख गरेको ।

(छ) समितिले तोके बमोजिम अन्य आधार पुरा गरेको ।

## ११. प्राङ्गारिक मल विक्री वितरण तथा अनुदान प्रवाह विधि

(१) सूचिकृत भएका मल उत्पादक कम्पनीहरुले कृषि सामग्री कम्पनी लिमिटेड र साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेडसंग समन्वय र सम्झौता गरी उक्त कम्पनि कर्पोरेशनले तोकेको गोदामहरु सम्म मलको डेलिभरी आफ्नै लागतमा गरिदिनु पर्नेछ । कृषि सामग्री कम्पनी लिमिटेड र साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेडले कुनै एक कम्पनीको मल वढीमा ५ मे टन सम्म आफ्नो गोदाममा राख्न स्थान उपलब्ध गराउनेछ ।आ.व. २०७५/७६ आषाढ मसान्त भित्र विक्री वितरण नभएको प्राङ्गारिक मल उत्पादकले आफनै खर्चमा कम्पनी /कर्पोरेशनको गोदामबाट लैजानु पर्नेछ ।

(२) कृषि सामग्री कम्पनी लिमिटेड र साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेडले सम्वन्धित उत्पादक कम्पनीसंग सम्झौता र समन्वय गरी अनुदानित प्राङ्गारिक मलको विक्री व्यवस्थापन गर्नेछ ।

(३) कृषि ज्ञान केन्द्र, परियोजनाकार्यन्वयन इकाई वा स्थानियतहको कृषि शाखाको सिफारिशमा कृषक समूह/सहकारी /एग्रोभेटहरुको माग वा छनौट अनुसारको मल अनुदानित मूल्यमा कृषि सामग्री कम्पनी लिमिटेड र साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेडले विल काटी उपलब्ध गराउनेछन् । तर कम्पनी तथा कर्पोरेशनका डिलर सहकारीहरुको हकमा सिफारिस आवस्यक पर्ने छैन ।

(४) डिलर/सहकारी / एग्रोभेटले कृषकहरुलाई वितरण गर्दा विल विजक जारी गर्नु पर्नेछ ।

(५) कृषि सामाग्री कम्पनी वा साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेडको नाममा मल उपलब्ध गराउँदा बिल विजक र चलानको साथ मल उपलब्ध गराउनेछ र सम्वन्धित कम्पनी/ कर्पोरेशनले आम्दानी बाँधि लगत राख्नुपर्नेछ ।

(६) कम्पनी /कर्पोरेशनले सिफारिसका आधारमा कृषक/ कृषक समूह/सहकारी/ एग्रोभेटलाई अनुदानित मूल्यमा मल उपलब्ध गराउनेछ र त्यसको लगत राख्नुपर्नेछ ।

(७) प्राङ्गारिक मल उत्पादकले तोकेको विक्री मूल्यको ५० प्रतिशत वा प्रति केजी रु १० मध्ये जुन कम हुन्छ सोही बरावर अनुदान उपलब्ध गाराइने छ ।

(८) अनुदानित मल प्रति रोपनी १०० केजीका दरले प्रति कृषक वढिमा १५०० केजी सम्म उपलब्ध गराइनेछ । कृषक समूह / सहकारी / एग्रोभेटहरुले अनुदानित मल खरिद गर्ने कृषकको विवरण लगत राख्नु पर्नेछ र विक्री गर्दा ढुवानी भाडा जोडी प्रचलित नियमानुसार विक्री मूल्य कायम गर्न सक्ने ।

कृषि तथा पशुपन्छी विकास मन्त्री

(९) उत्पादक/विक्रेताले तोकिएको स्थानमा अनिवार्य रुपमा तोकिएका प्रकार तथा मापदण्ड अनुरुप प्राङ्गारिक मल तोकिको समयमा उपलब्ध गराउने प्रतिवद्धता पत्र समेत संलग्न गर्नुपर्नेछ ।

(१०) प्राङ्गारिक मलको परिमाण र गुणस्तर विश्वसनीय वनाउने प्रयोजनका लागि प्रत्येक लटको उत्पादनस्थल र गन्तव्य स्थलमा उत्पादक/विक्रेताले सामग्री पुर्याएपछि सरकारी वा मन्त्रालयवाट मान्यताप्राप्त माटो तथा मल परीक्षण प्रयोगशालामा परीक्षण गराउन सक्नेछ र परिक्षण प्रतिवेदन कार्यविधि अनुरुप नभएमा कृषि विभागले विक्री वितरणमा रोक लगाउनेछ ।

(११) अनुदान कार्यक्रमका लागि विनियोजित बजेटको २० प्रतिशत रकम कृषि सामग्री कम्पनी लिमिटेड र साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेडलाई, रासायनिक मलमा उपलब्ध गराने अनुदान अनुपातमा अग्रिम रुपमा उपलब्ध गराइनेछ।

(१२) बिक्रीका आधारमा अनुदान रकम कृषि सामग्री कम्पनी लिमिटेड र साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेडबाट माग भए बमोजिम कृषि विभागले उपलब्ध गराउनेछ ।

(१३) विक्री भएको परिमाणको पूरा मूल्यमा डिलरहरुका लागि विक्रेता कमिशन ६ प्रतिशत र कृषि सामग्री कम्पनी लिमिटेड र साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेडका लागि ४ प्रतिशत गरी जम्मा १० प्रतिशत कटाइ कृषि सामग्री कम्पनी लिमिटेड र साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेडले उत्पादक कम्पनीहरुलाई उपलब्ध गराउनेछन् ।

(१४) अनुदानित मलको हिसाव फरफारक अनुदान वितरण व्यवस्थापन समितिले प्राविधिक उप समितिको सिफारिसका आधारमा गर्नेछ ।

## परिच्छेद -४
## गुणस्तर नियन्त्रण

### १२. मलको गुणस्तर नियन्त्रण सम्बन्धी व्यवस्था

(१) नेपाल सरकारले तोकेको मल निरीक्षकले कुनै पनि वेला वितरण गरिने वा वितरित भएको प्राङ्गारिक मलको नमूना संकलन गरी परीक्षणको लागि सरकारी वा अन्य तोकिएका प्रयोगशालाहरुमा पठाउन सक्नेछ ।

(२) न्यून गुणस्तरको प्राङ्गारिक मल विक्री वितरण गर्न पाउने छैन । साथै यस्ता उत्पादक तथा विक्रेताको सूचिकरण तथा दर्ता खारेजीको लागि मन्त्रालयमा शिफारिस गर्नेछ । यसका आधारमा मन्त्रालयले दर्ता तथा सूचिकरण खारेज गर्न सक्नेछ ।

## परिच्छेद -५
## अनुगमन निरीक्षण

### १३. अनुगमन निरीक्षण सम्बन्धी व्यवस्था

(१) अनुदानमा वितरित प्राङ्गारिक मलको अनुगमनको मूख्य जिम्मेवारी मन्त्रालय, कृषि विभाग र कम्पनी/कर्पोरेशनको हुनेछ । यस कार्यक्रम अन्तरगत कार्यान्वयनको प्रगती प्रतिवेदन मासिक तथा चौमासिक रुपमा कम्पनीले कृषि विभाग र मन्त्रालयमा पठाउनेछ।

कृषि तथा पशुपन्छी विक.स मन्त्री

(२) प्राङ्गारिक मलको गुणस्तर र परिमाण सम्बन्धमा मन्त्रालय, कृषि विभाग तथा केन्द्रीय निकायहरु, प्रदेश स्थित भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, कृषि विकास निर्देशनालय, कृषि ज्ञान केन्द्र र सम्वन्धित स्थानियतहबाट समेत अनुगमन तथा निरीक्षण गरिनेछ ।

(३) प्राङ्गारिक मल विक्री वितरण पारदर्शी रुपमा भए नभएको सम्बन्धमा सम्बन्धित प्रदेश र स्थानीय तहहरुले अनुगमन गरी मन्त्रालय, कम्पनी तथा कृषि विभागलाई जानकारी गराउन सक्नेछन् ।

## परिच्छेद-६
## विविध

### १४. गुनासो तथा उजुरी सुन्न सक्ने

(१) अनुदानित प्राङ्गारिक मलको विक्री वितरणको सम्बन्धमा पर्न आएको उजुरी उपर समितिले आवश्यक छानविन गर्नसक्नेछ ।

### १५ .कार्यविधिको व्याख्या

(१) अनुदान वितरण सम्बन्धमा यस कार्यविधिको व्यवस्था अपूर्ण तथा अस्पष्ट भएमा वा कार्यविधिको कार्यान्वयनमा व्यवधान भएमा समितिले निर्णय गरे बमोजिम हुनेछ ।

### १६. खारेजी र संशोधन

(१) मन्त्रालयले आवश्यकता अनुसार यो कार्यविधिमा संशोधन तथा खारेजी गर्न सक्नेछ ।

### १७. प्रचलित कानून वमोजिम हुने

(१) यस कार्यविधिमा उल्लेख भएका विषयहरु सोही अनुसार हुने र उल्लेख नभएका विषयहरुको हकमा विद्यमान प्रचलित ऐन, कानून, नियम वमोजिम हुनेछ ।

कृषि तथा पशुपन्छी विकास मन्त्री

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौं

अनुसूचि १

(प्राङ्गारिक मल उत्पादकले अनुदानित मल विक्रीको लागि सूचिकृत हुन पाऊँ भन्ने निवेदन फारमको नमूना)

श्रीमान् प्रमुखज्यू
केन्द्रिय कृषि प्रयोगशाला,
कृषि विभाग, हरिहरभवन ललितपुर ।

विषयः आ. व. २०७५/७६ को अनुदान कार्यक्रम अन्तर्गत प्राङ्गारिक मल बिक्री गर्न सूचिकृत हुन पाउँ भन्ने बारे ।

प्रस्तुत विषयमा कृषि विभागको मिति ..........................मा प्रकाशित सूचना अनुसार मेरो / हाम्रो उद्योग श्री ............................बाट उत्पादित .................ब्राण्डको प्राङ्गारिक मल अनुदानको कार्यक्रम अन्तर्गत वितरण गर्ने सूचिमा सूचिकृत गरिदिनहुन तपशिल अनुसारको आवस्यक कागजात राखी यो निवेदन पेश गरेको छु ।

तपशिलः

१) मन्त्रालयमा मल दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी
२) मान्यताप्राप्त प्रयोगशालामा मल परिक्षण गरेको प्रतिवेदन
३) कम्पनि दर्ता प्रमाणपत्रको प्रतिलिपी
४) स्थायी लेखा नंवर दर्ता प्रमाणपत्रको प्रतिलिपी
५) कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी
६) मलको बोरा / प्याकेटको अगाडि र पछाडिको लेवलको प्रतिलिपी

निवेदक

हस्ताक्षर..............................
नामथर
पद
सम्पर्क नं.
मल उद्योगको छाप

कृषि तथा पशुपन्छी विक.स मन्त्री

अनुसूचि २

## प्राङ्गारिक मलको विवरण

प्राङ्गारिक मलको नामः

प्राङ्गारिक मल मन्त्रालयमा दर्ता भएको नं.

| क्र. सं. | मलमा उपलब्ध खाद्यतत्व | परिमाण |
|---|---|---|
| १ | ना.% न्यूनतम् | |
| २ | फो.% न्यूनतम् | |
| ३ | पो.% न्यूनतम् | |
| ४ | चिस्यान % अधिकतम् | |
| ५ | पि.एच. | |
| ६ | C:N Ratio | |
| ७ | Organic Carbon % | |

कम्पनी/कर्पोरेशनको शाखागत मल उपलब्ध गराउन सक्ने परिमाण

| क्र. सं | कार्यालयको नाम | परिमाण मे. टन | मलको मूल्य प्रति केजी रु. | कैफियत |
|---|---|---|---|---|
| १ | कृषि सामाग्री कम्पनी ......................शाखा कार्यालय | | | |
| I. | | | | |
| II. | | | | |
| III. | | | | |
| २ | साल्ट ट्रेडिङ्ग कर्पोरेशन लि.......................शाखा कार्यालय | | | |
| I. | | | | |
| II. | | | | |
| III. | | | | |

कृषि तथा पशुपन्छी विकास मन्त्री

अनुसूचि ३

कृषक समूह/ सहकारी/ एग्रोभेटले अनुदानमा प्राङ्गारिक मल पाउन कृषि ज्ञान केन्द्र/ परियोजना कार्यान्वयन इकाई/ स्थानियतह कृषि शाखामा पेश गर्ने निवेदनको नमूना

श्रीमान् प्रमुखज्यू
कृषि ज्ञान केन्द्र................ ।
परियोजना कार्यान्वयन इकाई.................... ।
श्री ............................गाउपालिका/ नगरपालिका, कृषि शाखा.............................. ।

मितिः

विषयः प्राङ्गारिक मलमा अनुदानका लागि सिफारिस पाउँ ।

प्रस्तुत विषयमा कृषि विभागको मिति .....................को सूचना अनुसार अनुदानमा प्राङ्गारिक मल वितरण गर्न लागेको हुँदा हाम्रो कृषक समूह/ सहकारी एग्रोभेटलाई तपशिल अनुसारका प्राङ्गारिक मल कृषि सामाग्री कम्पनी लिमिटेडको ..................शाखाबाट/ साल्ट ट्रेडिङ्ग कर्पोरेशनको .................शाखा कार्यालयबाट प्राप्त हुने गरी सिफारिस उपलब्ध गराइदिनहुन आवस्यक कागजात राखि निवेदन दिएको छु।

<u>आवस्यक कागजात</u>

समूह /सहकारी/ एग्रोभेट दर्ता प्रमाणपत्र ।
सहकारी/ एग्रोभेट स्थायी लेखा नंवर दर्ता प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी
समूह/ सहकारीका सदस्य कृषकको संख्या
समूह /सहकारी भित्रको जग्गाको कूल क्षेत्रफल ... रोपनी/ हेक्टर

<u>तपशिल</u>

मलको ब्राण्ड ...............
परिमाण केजी ...................
प्रति केजी मूल्य रु ..............
अनुदान रकम खर्च रु .................

निवेदक
कृषक/ समूह /सहकारी /एग्रोभेटको नाम

ठेगानाः
सम्पर्क नम्वरः

नोटः प्रति रोपनी बढिमा १०० केजी र प्रति कृषक बढिमा १५०० केजी मल मात्र अनुदानमा उपलब्ध गराउन सकिनेछ ।

कृषि तथा पशुपन्छी विक.स मन्त्री

अनुसूचि ४

(कृषि ज्ञान केन्द्र/ परियोजना कार्यान्वयन इकाई/स्थानयतह कृषि शाखाले प्राङ्गारिक मल अनुदानमा उपलब्ध गराउन उपलब्ध गराउने सिफारिस पत्र ।)

श्री कृषि सामाग्री कम्पनी लिमिटेड
शाखा कार्यालय ..................
श्री साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेड
शाखा कार्यालय .......................

विषयः अनुद्रानित प्राङ्गारिक मलको लागि सिफारिस सम्वन्धमा ।

प्रास्तुत विषयमा ............जिल्ला .........................गाउँपालिका/ नगरपालिका ...........वडा नं. कृषक/ स्थित कृषक समूह/ सहकारी/ एग्रोभेट श्री ....................................मार्फत कृषकहरुले प्रयोग गर्न तपशिल अनुसारको प्राङ्गारिक मल अनुदामा उपलब्ध गराइदिनहुन सिफारिस गरिन्छ ।

<u>तपशिल</u>

सिफारिस मलको ब्राण्ड ...............
सिफारिस परिमाण केजी ...................
प्रति केजी मूल्य रु ..............
अनुदान रकम खर्च रु ................

सिफारिस गर्ने

नामथर
पद
कार्यालय

नोटः प्रति रोपनी बढिमा १०० केजी र प्रति कृषक वढिमा १५०० केजी मल मात्र अनुदानमा उपलब्ध गराउन सकिनेछ ।

कृषि तथा पशुपन्छी विक.स मन्त्री